# ☛सूचना माग्ने र पाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रत्येक नेपाली नागरिकलाई कानूनबमोजिम गोप्य राख्नुपर्ने बाहेक सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक प्रदान गरेकोले सार्वजनिक काम–कारबाहीलाई पारदर्शी र उत्तरदायित्वपूर्ण बनाउनको लागि सूचना माग्ने र पाउने संविधानप्रदत्त हकको संरक्षण तथा सम्बर्द्धन गर्न सूचनाको हकसम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले ,

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव**को शासनकालको तेस्रो वर्षमा संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सार्वजनिक सूचनासम्बन्धी ऐन, २०६०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रंसगले अर्को अर्थ नलागेमा, यस ऐनमा : –

(क) "सूचना" भन्नाले सार्वजनिक निकायका काम–कारबाहीसँग सम्बन्धित कुनै सामग्री वा जानकारी सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायसँग सम्बन्धित कुनै लिखत वा अभिलेखलाई समेत जनाउँछ।

(ख) "सूचनाको हक" भन्नाले सरोकारवालाले सूचना प्राप्त गर्न पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सूचना खोज्ने, बुँदाहरु टिप्ने एवं सार उद्धृत गर्ने र लिखतहरुका प्रमाणित प्रतिहरु वा कुनै सार्वजनिक निकायका अभिलेखहरु प्राप्त गर्ने तथा कम्प्युटर वा कुनै विद्युतीय वा चुम्बकीय यन्त्रमार्फत् सूचना प्राप्त गर्न पाउने सुविधा एवं त्यस्तो सूचना प्रवाह गर्ने स्वतन्त्रतालाई समेत जनाउँछ।

(ग) "सार्वजनिक निकाय" भन्नाले देहायका निकायहरु सम्झनुपर्छ :–

☛ आयोगले २०६० मा सरकारमा पेश गरेको मसौदा।

(१) श्री ५ को सरकारका मन्त्रालय, सचिवालय, केन्द्रीयस्तरका कार्यालय र मातहतका विभाग तथा कार्यालयहरु,

(२) प्रतिनिधिसभा र राष्ट्रियसभा तथा सो मातहतका सचिवालयहरु,

(३) सर्वोच्च अदालत र मातहतका अदालतहरु,

(४) उपखण्ड (१), (२) र (३) मा लेखिएदेखि बाहेक नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्था भएका संवैधानिक तथा अन्य निकायहरु,

(५) प्रचलित कानूनबमोजिम गठन गरिएका विशेष अदालत तथा न्यायाधिकरणहरु,

(६) शाही नेपाली जंगी अड्डा र सो मातहतका कार्यालयहरु,

(७) प्रहरी प्रधान कार्यालय तथा सशस्त्र प्रहरी प्रधान कार्यालय र मातहतका कार्यालयहरु,

(८) स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित स्थानीय निकाय,

(९) प्रचलित कानूनबमोजिम वा श्री ५ को सरकारद्वारा स्थापित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(१०) श्री ५ को सरकारको अनुदानमा संचालित संस्था,

(११) श्री ५ को सरकारको पूर्ण वा अधिकांश वा आंशिक स्वामित्व भएको संगठित संस्था,

(१२) राजनैतिक दलहरु,

(१३) श्री ५ को सरकारले समय–समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य निकायहरु ।

(घ) "सार्वजनिक महत्वको विषय" भन्नाले कुनै व्यक्ति–विशेषको मात्र नभई सर्वसाधारण जनताको सरोकार भएको सार्वजनिक प्रकृतिको महत्वपूर्ण विषय सम्झनुपर्छ र सो

नेपाल कानून आयोग

शब्दले सार्वजनिक ओहदामा रहेको व्यक्तिले गरेको सार्वजनिक प्रभाव पार्ने किसिमको कार्यलाई समेत जनाउँछ ।

(ङ) "सूचना–अधिकृत" भन्नाले यस ऐनअन्तर्गत् सम्बन्धित सार्वजनिक निकायद्वारा व्यवस्था गरिएको सार्वजनिक सूचना–अधिकृत संझनुपर्छ ।

(च) "तेस्रो पक्ष" भन्नाले सूचना माग्ने व्यक्ति र सूचना दिनुपर्ने निकायभन्दा बाहेकको सो सूचनासँग सम्बन्धित कुनै व्यक्ति वा संगठन संझनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत् बनेको नियममा तोकिएको वा तोकिएबमोजिम संझनुपर्छ ।

३. **सूचनाको हक** : (१) प्रत्येक नेपाली नागरिकलाई दफा ७ मा उल्लेख भएको बाहेक सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

(२) सूचनालाई रीतपूर्वक सूचीकृत गरी अनुक्रमणिका मिलाएर राख्नु एवं गोप्य राख्नुपर्ने सूचनाहरुको सूची छुट्टै राखी दफा ७ मा उल्लेख भएदेखि बाहेक अन्य सार्वजनिक प्रकृतिका सूचनाहरु तोकिएबमोजिम दिनु सार्वजनिक निकायको कर्तव्य हुनेछ ।

(३) सार्वजनिक निकायले आफूसंग सम्बन्धित देहायका कुराहरुसमेत समावेश गरिएको सूचना अद्यावधिक गराई राख्नुपर्नेछः–

(क) संगठनको स्वरुप तथा प्रकृति,

(ख) कार्य–विवरण,

(ग) कर्मचारी संख्या,

(घ) निर्णय गर्ने अधिकारी,

(ङ) निर्णय गर्ने प्रक्रिया

(च) भएगरेको कामको तोकिएबमोजिमको प्रगतिका विवरण,

(छ) सूचना–अधिकृतको नाम तथा निजको जिम्मेवारी,

(ज) सम्बन्धित ऐन, नियम, निर्देशिकाको सूची,

(झ) तोकिएबमोजिमका अन्य कुराहरु ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रत्येक सार्वजनिक निकायले जुनसुकै बखत पढ्न सकिने गरी आफ्नो सूचना–पाटीमा समेत टाँसिराख्नु पर्नेछ ।

(५) सार्वजनिक निकायले नीति निर्माण वा निर्णय गरेपछि त्यसबाट प्रत्यक्ष असर पर्ने पक्षलाई त्यस्तो नीति वा निर्णयको औचित्यबारे स्पष्ट जानकारी दिनुपर्नेछ ।

४. **<u>सूचना–अधिकृतको व्यवस्था र काम कर्तव्य</u>** : (१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा सार्वजनिक सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना–अधिकृतको व्यवस्था गर्नु पर्नेछ ।

तर यस उपदफाबमोजिम सूचना–अधिकृतको व्यवस्था नभएको अवस्थामा सम्बन्धित कार्यालय प्रमुखलाई नै सूचना–अधिकृत मानिनेछ ।

(२) सूचना–अधिकृतलाई सम्बन्धित निकायको सम्पूर्ण सूचना अद्यावधिक रुपमा उपलब्ध गराउनु सो निकायका प्रमुखको दायित्व हुनेछ ।

(३) माग गरिएको सूचनाको सम्बन्धमा आवश्यकता अनुसार कारबाही गरी सूचना माग गर्नेलाई सहयोग गर्नु सूचना–अधिकृतको कर्तव्य हुनेछ ।

(४) सर्वसाधारण नागरिकलाई सुसूचित गर्ने उद्देश्यले प्रकाशन एवं प्रसारणका लागि सार्वजनिक महत्वका सूचना माग गर्ने व्यक्तिलाई सूचना उपलब्ध गराउनु सूचना–अधिकृतको कर्तव्य हुनेछ ।

५. **<u>सूचना प्राप्त गर्नको लागि निवेदन दिनुपर्ने</u>** : यस ऐनअन्तर्गत् सूचना प्राप्त गर्न चाहनेले तोकिएको ढाँचामा सम्बन्धित सूचना–अधिकृतसमक्ष निवेदन दिनुपर्नेछ ।

६. **<u>निवेदनउपरको कारबाही</u>** : (१) दफा ५ बमोजिम सूचना प्राप्तिको लागि निवेदन परेमा सूचना अधिकृतले निवेदकलाई माग बमोजिमको सूचना दिनुपर्नेछ । कुनै सूचना तत्काल दिन नसकिने प्रकृतिको भएमा सोको कारण खोली निवेदकलाई तुरुन्त जानकारी दिई निवेदन प्राप्त भएको मितिले यथासंभव सात दिनभित्र त्यस्तो सूचना दिनुपर्नेछ ।

(२) दफा ७ बमोजिम सूचना दिन नमिल्ने अवस्था भएमा सूचना–अधिकृतले सो कुरा स्पष्ट रुपमा खुलाई निवेदकलाई जानकारी दिनुपर्नेछ ।

(३) दफा ५ बमोजिम सूचना माग गरी निवेदन परेकोमा त्यस्तो सूचना सम्बन्धित निकायसँग नभई अर्को कुनै निकायसँग रहेको जानकारी भएमा सूचना–अधिकृतले सोको जानकारीसमेत निवेदकलाई दिनुपर्नेछ ।

७. **सूचना दिन कर नलाग्ने** : सार्वजनिक निकायले देहायका सूचना दिन कर लाग्ने छैन :–

(क) राष्ट्रिय सुरक्षा, अपराध–अनुसन्धान, नेपालको सार्वभौमसत्ता, अखण्डता तथा बैदेशिक सम्बन्धमा प्रतिकूल असर पार्ने विषयहरु,

(ख) विभिन्न जात, जाति तथा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पार्ने विषय,

(ग) कुनै व्यक्ति, संस्था वा संगठनलाई अनुचित लाभ वा हानी पुऱ्याउन सक्ने सूचनाहरु एवं बजेट, भन्सार महसुल, मुद्रा विनिमय, व्याजदर र करहरुसँग सम्बन्धित अपरिपक्व सूचनाहरु,

(घ) तेस्रो पक्षको व्यापार वा वाणिज्य वा बौद्धिक सम्पदा संरक्षणसम्बन्धी वा अन्य कुनै कानूनद्वारा संरक्षित हकमा प्रतिकूल असर पर्नसक्ने गोप्य प्रकृतिका सूचनाहरु,

(ङ) कारबाही शुरु भएको तर अन्तिम निर्णय हुन बाँकी रहेका अपरिपक्व सूचनाहरु,

(च) तेस्रो पक्षको व्यक्तिगत गोपनीयताका सूचनाहरु त्यस्तो पक्षको सहमतिबिना,

(छ) प्रचलित कानूनबमोजिम गोप्य रहने कुराहरु ।

८. **सार्वजनिक हितको लागि सूचना दिने** : यस ऐनका अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना–अधिकृतले देहायका सूचनाहरु दिनुपर्नेछ :–

(क) सार्वजनिक निकायका कुनै पनि कर्मचारीले गैरकानूनी कार्य गरेको वा अख्तियार दुरुपयोग गरेको वा आफ्नो कार्यमा हेलचक्र्याइँ गरी सम्बन्धित संस्था वा पक्षलाई क्षति पुग्नसक्ने वा पुऱ्याएको देखिने सूचनाहरु,

(ख) कुनै व्यक्ति वा सर्वसाधारणको स्वास्थ्य एवं सुरक्षा वा वातावरणमा प्रतिकूल प्रभाव पर्नसक्ने वा परेको देखिने सूचनाहरु ,

(ग) सार्वजनिक निकायको सम्पत्ति वा कोषको दुरुपयोग हुनसक्ने वा भएको देखिने प्रामाणिक सूचनाहरु,

(घ) तोकिएबमोजिमका अन्य कुराहरु

९. **<u>व्यक्तिगत सूचना उपलब्ध गराउने</u>** : (१) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ।

(२) सूचनाको लागि निवेदन दिने र सूचना प्राप्त गर्ने प्रक्रिया र तरिका दफा ६ मा उल्लेख भएबमोजिम नै हुनेछ।

१०. **<u>शुल्क लिन सक्ने</u>**: सार्वजनिक निकायले यस ऐनबमोजिम कुनै सूचना उपलब्ध गराउँदा लाग्ने शुल्क तोकिएबमोजिम सम्बन्धित व्यक्तिबाट लिन सक्नेछ।

११. **<u>सार्वजनिक निकायमा राखिएको व्यक्तिगत सूचना सच्याउने</u>** : (१) कुनै व्यक्तिले कुनै सार्वजनिक निकायको अभिलेखमा रहेको आफू वा अन्य कुनै व्यक्तिसंग सम्बन्धित सूचना गलत छ भन्ने लागेमा सो सच्याइपाउन आवश्यक प्रमाणसहित अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सूचना सच्याइपाउन गरिएको अनुरोध उचित लागेमा सम्बन्धित निकायको प्रमुखले सात दिनभित्र त्यस्तो सूचना सच्याउनु पर्नेछ र सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचना सच्याउन गरिएको अनुरोधउपर सम्बन्धित निकायको प्रमुखले कुनै अभिलेखमा समावेश भएको सूचनालाई सच्याउने गरी निर्णय गरेमा सच्याउनुभन्दा अगाडि देहायका कार्य गर्नुपर्नेछ :–

(क) सच्याउनु पर्ने अभिलेखको अंशको प्रतिलिपि तयार गर्ने,

(ख) सो प्रतिमा मूल अभिलेखमा सच्याउनु पर्ने व्यहोराको बुंदा टिपोट गर्ने र त्यस्तो प्रतिलाई सुरक्षित राख्ने।

(४) उपदफा (१) बमोजिम सच्याइपाउन गरिएको अनुरोधको सम्बन्धमा सम्बन्धित निकायको प्रमुखले त्यस्तो सूचना गलत नभएको र सच्याउन आवश्यक नभएको भनी निर्णय गरेमा निर्णय भएको मितिले सात दिनभित्र अनुरोधकर्तालाई सो सम्बन्धमा जानकारी दिनुपर्नेछ।

१२. **सार्वजनिक हितको लागि व्यक्तिगत सूचनाको प्रयोग** : (१) देहायका प्रयोजनको लागि बाहेक कुनै पनि व्यक्तिले व्यक्तिगत सूचना समावेश रहेको कुनै अभिलेख सम्बन्धित व्यक्तिको सहमतिबिना प्रयोग गर्नुहुंदैन :–

(क) कुनै व्यक्ति वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने प्रयोजनको लागि,

(ख) प्रचलित कानूनबमोजिम प्रकट गर्नुपर्ने विषय भएमा,

(ग) कुनै न्यायिक वा अर्धन्यायिक निकायमा रहेको विवादको सम्बन्धमा त्यस्तो अधिकारप्राप्त निकायले दिएको आदेशको पालना गर्नु कानूनी कर्तव्य भएको अवस्थामा,

(घ) कानूनको कार्यान्वयन गर्ने र भ्रष्टाचार नियन्त्रण गर्ने प्रयोजनका लागि,

(ङ) तोकिएबमोजिमको अन्य अवस्थामा ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना–अधिकृतले कुनै व्यक्तिको बारेमा व्यक्तिगत सूचना दुरुस्त, अद्यावधिक र संभव भएसम्म पूर्ण छन् भनी देहायका कुरासमेत सुनिश्चत गर्न मनासिव कारबाही गर्नुपर्नेछ :–

(क) त्यस्तो सूचनाको गोपनीयताको संरक्षण गरिएको छ,

(ख) त्यस्तो सूचना अनधिकृत पहुँच हुनबाट सुरक्षित गरिएको छ ।

१३. **सूचना नदिएमा हुने कारबाही** : (१) सूचना–अधिकृतले यस ऐनबमोजिम सूचना दिन इन्कार गरेमा सोउपर सोही सार्वजनिक निकायको प्रमुख वा तोकिएको अधिकारीसमक्ष सात दिनभित्र उजूरी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको उजूरी मनासिब देखिएमा सार्वजनिक निकायको प्रमुख वा तोकिएको अधिकारीले उजूरी परेको सात दिनभित्र सम्बन्धित निवेदकलाई माग गरेको सूचना दिने आदेश दिनुपर्नेछ ।

तर उक्त उजूरी मनासिव नदेखिएमा सोको आधार स्पष्ट खुलाई निवेदकलाई जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कारबाहीउपर चित्त नबुझेमा सोउपर पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ ।

१४. **दण्ड सजाय** : (१) यस ऐनबमोजिम सूचना दिन मनासिब कारणविना इन्कार गरेमा वा गलत सूचना दिएमा त्यस्तो सूचना–अधिकृतलाई पाँच हजार रुपैंयासम्म जरिवाना वा विभागीय कारबाही हुनसक्नेछ ।

(२) पर्याप्त आधारबेगर कुनै व्यक्तिको चरित्रहत्या हुने गरी गलत सूचना प्रवाहित गर्ने व्यक्ति वा संस्थाको प्रमुखलाई एक महिनासम्म कैद वा पाँच हजार रुपैंयासम्म जरिवाना वा दुवै हुन सक्नेछ ।

(३) सूचना–अधिकृतले दिएको सूचनालाई गलत अर्थ लाग्ने गरी तोडमरोड गर्ने संचार माध्यमलाई र त्यसको प्रमुखलाई एक महिनासम्म कैद वा पाँच हजार रुपैंयाँसम्म जरिवाना वा दुवै हुन सक्नेछ ।

(४) यस ऐनबमोजिम सार्वजनिक निकायको कुनै पदाधिकारीले गरेको भ्रष्टाचार वा अपराधसम्बन्धी तथ्य सूचना प्रवाहित गरेको कुरालाई आधार बनाई त्यस्तो सूचना प्रवाहित गर्ने सूचना–अधिकृत वा कुनै पदाधिकारीउपर कुनै किसिमको कारबाही गर्ने व्यक्तिलाई दश हजार रुपैंयाँसम्म जरिवाना गरिनेछ ।

१५. **पुनरावेदन** : दफा १४ बमोजिम भएको सजायउपर सम्बन्धित पुनरावेदन अदालतमा पैंतीस दिनभित्र पुनरावेदन दिन सकिनेछ ।

१६. **मुद्दाको कार्यविधि** : यस ऐनअन्तर्गत्को मुद्दामा कारबाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

१७. **असल नियतले गरेको काम–कारबाहीमा बचाउ** : यो ऐन वा यस ऐनअन्तर्गत् बनेको नियमअन्तर्गत् असल नियतले सूचना प्रवाहित गरिएको वा गर्ने मनसाय राखिएको कुनै पनि कुराको लागि कुनै सार्वजनिक निकाय वा त्यसको प्रमुख वा सूचना–अधिकृत वा अन्य कुनै व्यक्तिको विरुद्ध कुनै कारबाही गरिने छैन ।

१८. **यसै ऐनबमोजिम हुने** : यस ऐनमा लेखिएजति कुरामा यसै ऐनबमोजिम र अरुमा प्रचलित कानूनबमोजिम हुनेछ ।

१९. **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

नेपाल कानून आयोग